आज मिति २०७४।१०।१४ गतेका दिन यस दार्मा गाउँ पालिका का अध्यक्ष श्री निम बहादुर के.सी. ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिका को बैठक प्रारम्भ गरियो।

तपसिल

(१) श्री निम बहादुर के.सी. - अध्यक्ष
(२) श्री टिका शर्मा वली - उपाध्यक्ष
(३) श्री वसुन्धरा पुन - प्रमुख प्रशासकीय अधिकृत
(४) श्री कवि कुमार चन्द - वडा अध्यक्ष (वडा नं. १)
(५) श्री डिल्ली बहादुर के.सी " " २
(६) श्री सेतीराम रोकाहा " " ३
(७) श्री चन्द्र बहादुर रावत " " ४
(८) श्री राम बहादुर के.सी. " " ५
(९) श्री दुर्गा बहादुर मल्ल " " ६
१०) श्री देवी खत्री कार्यपालिका सदस्य
११) श्री जुनामल्ल चन्द " "
१२) श्री अमृता कामी " "
१३) श्री मञ्जु शाही " "
१४) श्री धनीराम नेपाली " "
(१५) श्री जित बहादुर ओली खरिदार
(१६) श्री सन्तराम कामी - कार्यपालिका सदस्य
(१७) श्री माया शाही का.ति.

प्रस्तावहरु

(१) जनप्रतिनिधिहरुको अभिमुखिकरण सम्बन्धमा।
(२) सा०सु० नामावली सम्बन्धमा।
(३) पञ्जिकरण सम्बन्धी तालिम सम्बन्धमा।
(४) लक्षित वर्गका कार्यक्रम सम्बन्धमा।
(५) अनुगमन समिति गठन सम्बन्धमा। (६) परिक्षा समिति गठन सम्बन्धमा।
(७) विभिन्न समिति गठन सम्बन्धमा। (८) आर्थिक सहयोग सम्बन्धमा।
(९) कानुन विज्ञ सम्बन्धमा।

निर्णयहरु

नि०नं० (१) प्रस्ताव नं० १ मा छलफल गर्दा दार्मा गाउँपालिकाको का निर्वाचित जनप्रतिनिधिहरुलाई मिति २०७४।१०।१८ देखि २०७४।१०।१९ सम्म स्थानीयशासन सञ्चालन तथा सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं (२) प्रस्ताव नं०२ मा छलफल गर्दा सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको नामावली विवरण मिति २०७४।१०।१९ गते सम्ममा गाउँपालिकाको बुझाउन वडाकार्यालय हरुलाइ खवर गर्ने निर्णय गरियो।

निर्णय नं (३) प्रस्ताव नं ३ मा छलफल गर्दा कर्मचारीहरुलाइ पञ्जीकरण व्यवस्थापन सम्बन्धी तालिम आगामी गाउँसभा पश्चात गर्ने निर्णय गरियो।

निर्णय नं०(४) प्रस्ताव नं० ४ मा छलफल गर्दा वडास्तरीय लक्षित वर्गका कार्यक्रमहरु वडा सचिवहरुको नेतृत्वमा सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं (५) प्रस्ताव नं० ५ मा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत सञ्चालन भएका योजना तथा कार्यक्रमहरु अनुगमन तथा मूल्याङ्कन को लागी तपसिल वमोजिम को योजना अनुगमन तथा मूल्याङ्कन समिति गठन गर्ने निर्णय गरियो।

तपसिल

(१) गा०पा० अध्यक्ष - संयोजक
(२) गा०पा० उपाध्यक्ष - सदस्य
(३) प्रमुख प्रशासकिय अधिकृत - सदस्य
(४) इन्जिनियर वा सव इन्जिनियर - सदस्य
(५) योजना अधिकृत / योजना शाखा प्रमुख - सदस्य

(६) लेखा प्रमुख - सदस्य
(७) महिला तथा बालबालिका शाखा प्रमुख - सदस्य

नि.नं. (६) प्रस्ताव नं(६) मा छलफल गर्दा यस कार्यालयमा रिक्त रहेका का.स. २ प्राविधिकहरुको पदपूर्ति गर्न कार्यविधि अनुसार परिक्षा समिति गठन गर्ने निर्णय गरियो।

निर्णय नं(७) प्रस्ताव नं.(७) मा व्यापक छलफल गर्दा यस गा.पा. को ~~आर्थिक~~ तपसिल बमोजिम समिति तपसिल बमोजिम पदाधिकारी रहने गरी गठन गर्ने निर्णय गरियो।

तपसील

लेखा समिति

(१) श्री कवि कुमार चन्द - संयोजक
(२) श्री रत्न बहादुर विष्ट - सदस्य
(३) श्री पुतला खड्का रोकाय - ,,

सुशासन तथा संस्थागत विकास समिति

(१) श्री चन्द्र बहादुर रावत - संयोजक
(२) श्री सन्तराम कामी - सदस्य
(३) श्री मोहविर वली - ,,
(४) श्री धन बहादुर कुवर(?) - ,,
(५) श्री हिरा खड्का ,,
(६) श्री भुमा विष्ट ,,
(७) श्री पुष्पा सुनार ,,

विधायन समिति

(१) श्री दुर्गा बहादुर मल्ल - संयोजक
(२) श्री सार्की खत्री - सदस्य
(३) श्री अमृता कामी - ,,
(४) श्री जुना मल्ल चड ,,
(५) श्री धर्म खत्री ,,
(६) श्री धर्मराम नेपाली ,,
(७) श्री देवी खत्री ,,
(८) श्री मनजु शाही ,,
(९) श्री लोक ब. कामी ,,

(१०) श्री प्रेम बहादुर खड्का - सदस्य
(११) श्री पदम बहादुर खत्री ,,
(१२) श्री विमला खत्री ,,
(१३) श्री कमला वि.क ,,
(१४) श्री टिकी कामी ,,
(१५) श्री जयकली वि.क ,,
(१६) श्री कुलदिप के.सी. ,,
(१७) श्री इन्द्र बं खड्का ,,

समितिको कार्यविधि समिति आफैले तय गर्नेछ र आवश्यकता अनुसार विज्ञहरूको विज्ञता प्रयोग गरी आवश्यक कानुनहरू निर्माण को लागी प्रक्रिया अगाडि बढाउनेछ।

निर्णय नं० (८) प्रस्ताव नं० ८मा छलफल गर्दा क्यान्सर पिडित दार्मा गा०पा० ५ बस्ने खिमा चन्दलाई रु १५,०००।- र ढाड भाँचिएको श्री दलेकामी (दार्मा - ६) लाई रु १०,०००।- आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं (९) प्रस्ताव नं ९मा छलफल गर्दा यस गाउँपालिका को न्याय समिति तथा अन्य समितिलाई आवश्यकता अनुसार कानुनी विज्ञको व्यवस्था गर्ने निर्णय गरीयो।

आज मिति २०७४ साल माघ १८ गते का दिन यस दार्मा गाउँपालिकाका अध्यक्ष श्री निम बहादुर के.सी. ज्यूको अध्यक्षता मा गाउँकार्यपालिका बैठक प्रारम्भ गरियो ।

तपसिल

| | | | |
|---|---|---|---|
| (१) | श्री निम बहादुर के.सी. | अध्यक्ष | |
| (२) | श्री टिका शर्मा बली | उपाध्यक्ष | |
| (३) | श्री बसुन्धरा पुन | प्रमुख प्रशासकीय अधिकृत | |
| (४) | श्री कवि कुमार चन्द | वडा अध्यक्ष वडा नं. | १ |
| (५) | श्री डिल्ली बहादुर के.सी. | " " " | २ |
| (६) | श्री सेहीराम रोकाहा | " " " | ३ |
| (७) | श्री चन्द्र बहादुर रावत | " " " | ४ |
| (८) | श्री राम बहादुर के.सी. | " " " | ५ |
| (९) | श्री दुर्गा बहादुर मल्ल | " " " | ६ |
| (१०) | श्री सन्तराम कामी | कार्यपालिका सदस्य | |
| ११) | श्री अमृता कामी | " " | |
| १२) | श्री मन्जु शाही | " " | |
| १३) | श्री जुना मल्ल चन्द | " " | |
| १४) | श्री धनिराम नेपाली | " " | |
| १५) | श्री देवीरुकी | " " | |
| १६) | श्री जित बहादुर ओली | खरिदार | |
| (१७) | श्री माया शाही | कार्यालय सहयोगी | |

प्रस्तावहरु

(१) रकमान्तर सम्बन्धमा।
(२) गाउँ सभा आह्वान सम्बन्धमा।
(३) वाल उद्धार कोष स्थापना सम्बन्धमा।

निर्णयहरु

निर्णय नं(१) प्रस्ताव नं १मा व्यापक छलफल गर्दा यस दार्मा गाउँपालिकाको गाउँसभाबाट पारित योजना तथा कार्यक्रमबाट तपसील बमोजिम रकमान्तर गर्ने निर्णय पारित गरियो।

(क) गाउँपालिकाको स्काभेटर खरिद शिर्षकबाट रु ५०,०००।- र एफ.एम सञ्चालनार्थ शिर्षकबाट रु १०००००।- गरी जम्मा रु ६०००००।- सार्वजनिक सुनुवाइ तथा रेडियो कार्यक्रम सञ्चालन गर्ने।

निर्णय नं (२) प्रस्ताव नं २मा छलफल गर्दा २०७४।३।२७ गतेको कार्यपालिका बैठकबाट मिति २०७४।११।२ गतेको लागी तयारिएको गाउँ सभा मिति २०७४।११।१२ देखी शुरु गर्ने गरी आह्वान गर्ने निर्णय गरियो।

निर्णय नं(३) प्रस्ताव नं ३मा छलफल गर्दा गाउँसभाबाट आकस्मिक कल्याणकोषको लागी विनियोजित रकम मध्ये रु २,०००००।- (दुइलाख मात्र) बाट ~~आकस्मिक~~ वाल उद्धार कोष स्थापना गर्ने निर्णय पारित गरियो।

[signatures]

आज मिति २०७४ साल फाल्गुण १३ गतेका दिन यस दार्मा गाउँकार्यपालिका अध्यक्ष श्री निम बहादुर के.सी. ज्यूको अध्यक्षतामा गाउ कार्यपालिकाको बैठक प्रारम्भ गरियो ।

**तपसिल**

| | |
|---|---|
| १) श्री निम शहादुर के.सी. | (अध्यक्ष ) |
| २) श्री टिका शर्मा वली | ( उपाध्यक्ष ) |
| ३) वसुन्धरा पुन | (प्रमुख प्रशासकीय अधिकृत) |
| ४) श्री कवि कुमार चन्द | (१ नं. वडा अध्यक्ष) |
| ५) श्री डिल्ली वहादुर के.सी. | (२ नं. वडा अध्यक्ष) |
| ६). श्री सेतिराम रोकाहा | (३ नं वडा अध्यक्ष) |
| ७) श्री चन्द्र वहादुर रावत | (४ नं. वडा अध्यक्ष) |
| ८) श्री राम वहादुर के.सि. | (५ नं. वडा अध्यक्ष) |
| ९) श्री दुर्गा वहादुर मल्ल | (६ नं वडा अध्यक्ष) |
| १०) श्री अमृता कामी | (कार्यपालिका सदस्य) |
| ११) श्री सान्तराम कामी | (कार्यपालिका सदस्य) |
| १२) श्री मञ्जु शाही | (कार्यपालिका सदस्य) |
| १३) श्री धनिराम नेपाली | (कार्यपालिका सदस्य) |
| १४) श्री जुना मल्ल चन्द | (कार्यपालिका सदस्य) |
| १५)) श्री देवी खत्री | (कार्यपालिका सदस्य) |
| १६) श्री दिपक कवर | (लेखापाल ) |
| १७) श्री अमृत खडका | (प्रा.स.) |
| १८ ) श्री जित बहादुर वली | (प्रशासन फाँट प्रमुख) |

**प्रस्तावहरु**

१) गाउँसभा -अधिबेशन ) सञ्चालन सम्वन्धमा ।
२) विभिन्न सडकको सर्भे सम्वन्धमा ।
३) गा.पा.को गुरु योजना सम्वन्धमा ।
४) खोलाको वातावरणिय प्रभाव मुल्याङकन सम्वन्धमा ।
५) कृषि भवन सम्वन्धमा ।
६) योजना अनुगमन समिति पुनर्गठन सम्वन्धमा ।
७) ऐनको मस्यौदा सम्वन्धमा ।
८) परिक्षा समितिको पारिश्रमिक सम्वन्धमा ।
९) कानुनी सल्लाहकारको पारिश्रमिक सम्वन्धमा ।
१०) आर्थिक सहायता सम्बन्धमा ।
११) आवास सम्बन्धमा ।
१२) अमिनको विज्ञापन सम्वन्धमा ।
१३) सार्बजनिक सुनुवाइ तथा सडक नाटक सम्बन्धमा ।

### निर्णयहरु

**निर्णय. न. १. प्रस्ताव नं. १** मा छलफल गर्दा यस दार्मा गाउपालिकामा आवश्यक कानुन,ऐन,कार्यविधि, रणनैतिक योजना लगायत पारित गर्न आबश्यक छलफलको लागि आबश्यक समय नपुग भएकोले यस भन्दा अगाडी मिति २०७४।११।१५ गते देखि गर्ने भनी तोकिएको वैठक मिति २०७४।११।३० गते देखि गाउँसभा (अविधेसन ) गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ प्रस्ताव नं. २** मा छलफल गर्दा यस दार्मा गाउपालिका अन्तर्गत गा.पा.केन्द्रवाट वडा नं. ६ को वडा कार्यालय सम्म जाने मोटर वाटो, फारुलाचौर झ्यारीवाङ साङट सडकको मर्मत गर्न लागत इष्टिमेट र झुल्नेटा ढाकाडामकोट साङट झ्यारीवाङ फारुलाचौर तिमिलकांडा सडकको Detail सर्भे गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ प्रस्ताव नं. ३** मा छलफल गर्दा यस दार्मा गाउपालिकाको केन्द्रको पुर्वमा झ्यारीवाङ ज्यामिरेचौर, दक्षिणमा निपाने दुवाङ, पश्चिममा डांडागाउ वुढाकाफल, उत्तरमा मौलेखाली, चैतेखोला भित्रको चार किल्ला भित्र समेटी गुरुयोजना वनाउने निर्णय गरियो ।

**निर्णय नं. ४ प्रस्ताव नं. ४** मा छलफल गर्दा दार्मा खोला र खालि खोलाको वातावरणिय प्रभाव मुल्याङकनको लागि आवश्यक वजेट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ प्रस्ताव नं. ५** मा छलफल गर्दा कृषि भवनको काम सम्पन्न गर्न आवश्यक रकम प्राविधिक लागत इष्टिमेट वमोजिम विनियोजन गरि वोलपत्र आह्रान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ प्रस्ताव नं. ६** मा छलफल गर्दा मिति २०७४।१०।१४ गतेको गाउकार्यपालिकाको वैठकवाट गठन गरिएको गाउपालिका स्तरीय र वडा स्तरीय योजना अनुगमन समिति तपशिल पुनर्गगठन गर्ने निर्णय गरियो

## तपसिल

**गाउंपालिका स्तरिय अनुगमण समिति**

१. गाउपालिकाको अध्यक्ष - सयोंजक
२. गाउपालिकाको उपाध्यक्ष - सदस्य
३. सम्बन्धित वडाको अध्यक्ष - सदस्य
४. इन्जिनियर - सदस्य
५. सव इन्जिनियर - सदस्य
६. गाउ पालिकाका अध्यक्षले तोकेको १ जना दलित : भूमा बि.क. - सदस्य
७. गाउ पालिकाका अध्यक्षले तोकेको १ महिला : हिरा खडका - सदस्य

**वडापालिका स्तरीय अनुगमण समिति**

१) सम्वन्धित वडाका वडा अध्यक्ष — संयोजक

२) सयोंजकले तोकेको १ जना महिला सहित — २ जना सदस्य

**निर्णय नं. ७ प्रस्ताव नं. ७** मा छलफल गर्दा तपसिल बमोजिमका गाउँसभामा बैठक संचालन कार्यबिधि २०७४ पारित गर्ने र तपसिल बमोजिमका ऐनको मस्यौदा गाउँ सभामा छलफलका लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

तपसिल

१. सहकारी ऐन २०७४

२. कृषि व्यवसाय प्रबर्द्धन ऐन २०७४

**निर्णय नं. ८ प्रस्ताव नं. ८** मा छलफल गर्दा यस दार्मा गाउपालिकाको कार्यालयमा विभिन्न रिक्त पदको पदपूर्ति गर्न गठित परिक्षा समितिको सदस्य र समन्वयनकर्ता र विज्ञलाई तपसिल बमोजिम पारिश्रमीक उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| क ) बैठक भत्ता | रु १५००। |
| ख ) प्रश्नपत्र निर्माण | रु १०००। |
| ग) प्रश्न जाँच प्रति सिफ्ट | रु ५०० । |
| घ ) अन्वार्ता प्रति व्यक्ति | रु ५०० । |

**निर्णय नं. ९ प्रस्ताव नं. ९** मा छलफल गर्दा यस दार्मा गाउपालिकाको कार्यालयमा कानुनी सल्लाहकारको रुपमा सेवा परामर्सको लागी श्री इन्द्र बहादुर भन्डारी बागचौर न.पा. ३ लाई अधिकृत स्तरको तलव दिने गरि खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० प्रस्ताव नं. १०** मा छलफल गर्दा क्यान्सर पिडित असारी खत्री ( दार्मा - ६ ) लाई रु २००००। ( विस हजार ) मात्र सहयोग दिने निर्णय गरियो ।

**निर्णय नं. ११ प्रस्ताव नं. ११** मा छलफल गर्दा पदाधिकारी र कर्मचारीहरुको लागि आबश्यकता अनुसार घर भाडा लिनको लागि सिलबनदी बोल पत्र आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ प्रस्ताव नं. १२** मा छलफल गर्दा यस दार्मा गा.पा. मा १ जना अमिन आन्तरिक श्रोतबाट व्यहोर्ने गरि मासिक रु १५०००। त.भ. दिने गरि बिज्ञापन गर्ने निर्णय गरियो ।

आज मिति २०७४।१२।३ गते शनिवारका दिन यस दार्मा गाउँपालिका गाउँ कार्यपालिका ~~र~~ अध्यक्ष श्री निम बहादुर के.सी. ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक प्रारम्भ गरियो।

(१) श्री निम बहादुर के.सी. - अध्यक्ष
(२) श्री टिका शर्मा बली - उपाध्यक्ष
(३) श्री वसुन्धरा पुन - प्रमुख प्रशासकीय अधिकृत
(४) श्री कवि कुमार चन्द - वडा अध्यक्ष वडा नं. १
(५) श्री डिल्ली बहादुर के.सी. - " " २
(६) श्री सेतीराम रोकाहा - " " ३
(७) श्री चन्द्र बहादुर रावत - " " ४
(८) श्री राम बहादुर के.सी. - " " ५
(९) श्री दुर्गा बहादुर मल्ल - " " ६
(१०) श्री अमृता कामी - कार्यपालिका सदस्य
(११) श्री सन्तराम कामी - " "
(१२) श्री धनिराम नेपाली - " "
(१३) श्री जुना मल्ल चन्द - " "
(१४) श्री मञ्जु शाही - " "
(१५) श्री देवी खत्री - " "
(१६) श्री इन्द्र बहादुर भण्डारी - कानुनी सल्लाहकार
(१७) श्री दिपक कवर - लेखापाल
(१८) श्री जित बहादुर बली - खरिदार
(१९) श्री अमृत खड्का - प्रा.स.
(२०) श्री सन्दिप घिमिरे - इन्जिनियर
२१ श्री मङ्गबहादुर बुढा मगर
(२२) श्री लोकेन्द्र विश्वकर्मा का.स.

प्रस्तावहरु

(१) योजना छनौट सम्बन्धमा।

(२) योजना अनुगमन सम्बन्धमा।

(३) विधेयक अधिवेशन सम्बन्धमा।

(४) शहीद परिवार सम्मान सम्बन्धमा।

(५) शैक्षिक अन्तरक्रिया।

(६) शहीद स्मृती बालउद्यान पार्क सम्बन्धमा।

(७) प्राविधिक कर्मचारीको फिल्ड भत्ता सम्बन्धमा।

(८) उपाध्यक्षको सम्चार र कानुनी सल्लाहकारको व्यवस्थापन सम्बन्धमा।

(९) ल्याब भवन सम्बन्धमा।

(१०) परिक्षा सञ्चालन सम्बन्धमा।

(११) तारजाली खरीद सम्बन्धमा।

(१२) प्रवक्ता र सूचना अधिकारी तोक्ने सम्बन्धमा।

(१३) वडाको सोलार खरीद सम्बन्धमा।

(१४) गाडी भाडा लिने सम्बन्धमा।

निर्णयहरु

निर्णय नं. १ प्रस्ताव नं. १ मा व्यापक छलफल गर्दा यस दार्मा गाउपालिका मा रहेका विभिन्न क्षेत्रसँग सम्बन्धीत तपशिल बमोजिमका योजनाहरु प्रदेश सरकारलाई सिफारिस गरी पठाउने निर्णय गरियो।

तपशिल

१) दार्मा गाउपालिका भवन निर्माण
२) विद्युत - मौलाहाले - फाकुलाचौर दार्माकोट विद्युत विस्तार
३) वाङ्गे लारकुरी ज्यामिरेचौर - फाकुला तिमिलडाडा विद्युत विस्तार
४) भुल्लेता साङ्टा भ्यारीवाङ, फाकुला सिलिङ्गी विद्युत विस्तार
५) दार्मा गाउपालिका अस्पताल निर्माण छुटेपिपल (२० शैयाको)
६) मौलाहाले फाकुलाचौर सडक खण्ड कालो पत्रे (११ कि.मि.)
७) भुल्लेटा साङ्टा - फाकुला पुढाओफल तिमिलडाडा सडक
८) वाङ्गेलारकुरी सेराढार ढारापिपल मौलेखाली सिलिङ्गी सडक स्तरउन्नती
९) फाकुला मौलेखाली दार्माकोट स्यालागाउ नुवाकोट सडक स्तरउन्नती
१०) एमारखोली अरखारे गोठीवन भुर्तिवाङ पातीहाल, लिम्बाचौर, फाकुला सडक स्तरउन्नती
११) स्वास्थ्य चौकी भवन निर्माण दार्मा - ५
१२) " " " " " - ४ रातामाटा
१३) दार्मा गा.पा. रंगशाला निर्माण दार्मा - ६ (ज्यामिरेचौर)
१४) छहरे चौकी भवन निर्माण
१५) राष्ट्रिय मा.वि. दार्माकोट भवन निर्माण
१६) सुन्धारी धारेकाटने - सूर्योदय मा.वि. खा.पा. निर्माण

निर्णय नं. -२ प्रस्ताव नं. २ मा दफावार छलफल गर्दा यस दार्मा गाउपालिका मा सम्पन्न योजना तथा कार्यक्रमहरु मिति २०७४।१२।४ गते देखि अनुगमन गर्ने निर्णय गरियो।

निर्णय नं. ३ प्रस्ताव नं. ३ मा दफावार छलफल गर्दा यस आ० व० को विशेष अधिवेशन मिति २०७४।१२।०९ र १० गते गर्ने निर्णय गरियो।

निर्णय नं. ४ प्रस्ताव नं. ४ मा छलफल गर्दा विगत सशस्त्र द्वन्द्वका क्रममा शहीद तथा बेपत्ता परिवारलाई मिति २०७४।१२।२५ गते सम्मान कार्यक्रम र शहीद गेट शिलान्यास गर्ने निर्णय गरियो।

निर्णय नं. ५ प्रस्ताव नं. ५ मा छलफल गर्दा दार्मा गाउपालिकाको शैक्षिक गुणस्तर भर्ना अभियान लगायत कार्यक्रममा छलफल गर्न २०७४।१२।२६ गते शैक्षिक अन्तर्क्रिया गर्ने निर्णय गरियो।

निर्णय नं. ६, प्रस्ताव नं. ६ मा दफावार छलफल गर्दा वडा स्तरीय बाल उद्यान पार्कको बजेट संशोधन गरी शहीद स्मृती बाल उद्यानपार्क दार्मा-३ को बिसे टाकुरामा निर्माण गर्ने निर्णय गरियो।

निर्णय नं. ७, प्रस्ताव नं. ७ मा दफावार छलफल गर्दा यस दार्मा गाउपालिका का कृषि र पशु सेवा प्राविधिकहरुलाई शशर्त अनुदान अन्तर्गत बचेको रु. ६५०००।- (कृषि तर्फको) मासिक दामासाहीले फिल्ड भत्ता उपलब्ध गराइने निर्णय गरियो। साथै इन्जिनियरलाई रु. ८०००।- मासिक, सब-इन्जिनियर रु. ६०००।- मासिक र असिस्टेन्ट सब-इन्जिनियर रु. ५०००।- (अक्षरेपी पाँच हजार मात्र) मासिक फिल्ड भत्ता नियुक्तिको मितिदेखि कन्टेन्जेन्सीबाट व्यवस्था गर्ने निर्णय गरियो।

निर्णय नं. ८, प्रस्ताव नं. ८ मा दफावार छलफल गर्दा गाउपालिकाको उपाध्यक्षलाई सञ्चारको लागी १ थान मोबाइल सेट, र कानुनी सल्लाहकारलाई मिति २०७४।१०।२५ गतेदेखि काममा लगाइएको हुँदा सोही मितिदेखि लागु हुनेगरी मासिक रुपमा रु.३०५००।- तलब उपलब्ध गराउनेगरी करार सम्झौता गर्ने र निजलाई मोबाइल सेट १ थान, सिम १ थान उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ९, प्रस्ताव नं. ९ मा व्यापक छलफल गर्दा रातामाटा स्वास्थ्य चौकी भवन निर्माणका लागी स्टीमेट बमोजिम रु. ६,००,०००।- रकमको लागी स्रोत खोजी विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. १०

प्रस्ताव नं. १० मा व्यापक छलफल गर्दा कक्षा १ देखि ३ कक्षा सम्मको परिक्षा सञ्चालनको लागी रु. ६,००,०००/- स्रोत खोजी व्यवस्थापन गर्ने निर्णय गरियो।

निर्णय नं. ११, प्रस्ताव नं. ११ मा व्यापक छलफल गर्दा भू-संरक्षण तथा वातावरण व्यवस्थापनको लागी रु. ५,००,०००/- (रु. पाँच लाख मात्र) बराबर रकमको तारजाली अविलम्ब खरिद गर्ने निर्णय गरियो।

निर्णय नं. १२, प्रस्ताव नं. १२ मा व्यापक छलफल गर्दा दार्मा गाउपालिकाको सुचनाहरु आदानप्रदान गर्न दार्मा गाउपालिकाका सदस्य तथा दार्मा गाउपालिका वडा नं. ३ का अध्यक्ष श्री सेतीराम रोकाहालाई प्रवक्ता तोक्ने र कर्मचारीको तर्फबाट श्री जीत बहादुर बलो (खरीदार/प्रशासन शाखा प्रमुख) लाई सुचना अधिकारी तोक्ने निर्णय गरियो।

निर्णय नं. १३, प्रस्ताव नं. १३ मा छलफल गर्दा दार्मा गाउपालिका भित्र रहेका १वडा देखि ६ नं. वडामा सोलार जडान गर्न सोलार खरीद अविलम्व गर्ने निर्णय गरियो।

निर्णय नं. १४, प्रस्ताव नं. १४ मा दफावार छलफल गर्दा दार्मा गाउपालिका मा सम्पन्न भएका योजनाहरु अनुगमन समितीबाट अनुगमन गर्न गर्न ३ महिनाको कार्यालय प्रयोजनको लागी सम्झौता अनुसार भुक्तानी दिने भनि कार्यपालिकाबाट सर्वसम्मतीले निर्णय गरीयो।

आज मिति २०७४।१२।२३ गते शुक्रवारका दिन यस दार्मा गाउपालिका गाउँ कार्यपालिकाका अध्यक्ष श्री निम बहादुर के.सि. ज्यू को अध्यक्षतामा गाउँ कार्य-पालिकाको बैठक प्रारम्भ गरियो।

उपस्थिति

१) श्री निम बहादुर के.सि. - अध्यक्ष
२) ,, वसुन्धरा पुन - प्रमुख प्रशासकिय अधिकृत
३) ,, कवि कुमार चन्द - वडा अध्यक्ष वडा नं- १
४) ,, सेति राम रोकाहा - ,, ,, ,, ३
५) ,, चन्द्र बहादुर रावत - ,, ,, ४
६) ,, राम बहादुर के.सि. ,, ,, ५
७) ,, दुर्गा बहादुर मल्ल - ,, ,, ६
८) ,, अमृता कामी - कार्यपालिका सदस्य
९) ,, जुना मल्ल चन्द - ,, ,,
१०) ,, मन्जु शाही - ,, ,,
११) ,, देवि खत्री - ,, ,,
१२) ,, सार्कु खत्री - ,, ,,
१३) ,, थम बहादुर बुढाथोकी - स्वास्थ्य संयोजक
१४) ,, इन्द्र बहादुर भण्डारी - कानूनी सल्लाहकार
१५) ,, टेक बहादुर बस्नेत - बी.प्रो.-सि. पशु स्वास्थ्य
१६) ,, डिल्ली राज मल्ल - ,, ,, कृषि
१७) ,, सन्दीप घिमिरे - इन्जिनियर
१८) ,, निरन्जु रोकाहा - सव ,,
१९) ,, खत्ता राम कामि - गाउँ कार्यपालिका सदस्य
२०) ,, धनि राम नेपाली - ,, ,, ,,

प्रस्तावहरु -

१) विपद् व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७४ सम्बन्धमा।
२) बैठक भत्ता कार्यविधि २०७४ सम्बन्धमा।
३) प्राविधिक कर्मचारी फिल्ड सुविधा कार्यविधि २०७४ सम्बन्धमा।
४) स्थानिय विपद तथा जलवायु उत्थानशिल योजना तर्जुमा सम्बन्धमा।
५) नियमावली, कार्यविधि पारित सम्बन्धमा। (१-५)
६। फाकला चौर सामुदायिक स्वास्थ्य इकाई संचालन सम्बन्धमा।
७, रैन प्रमाणिकरण

निर्णयहरु - निर्णय -१- प्रस्ताव नं. १ देखी ५ सम्म व्यापक छलफल गर्दा यस दामी गाउपालिका को कार्यपालिका बाट पारित गरिनुपर्ने तपशिल अनुसार को नियमावली, कार्यविधि, निर्देशिका आदि को कार्यपालिका बाट सर्वसहमति मा पारित गरियो।

तपशिल

१, शिक्षा नियमावली २०७४
२, एफ. एम रेडियो सञ्चालन कार्यविधि २०७४
३, बजार अनुगमन निर्देशिका २०७४
४) प्राविधिक कर्मचारी फिल्ड सुविधा कार्यविधि २०७४
५, स्थानिय राजश्व कार्यविधि २०७४
६, स्थानिय विपद् तथा जलवायु उत्थानशिल योजना तर्जुमा निर्देशिका
७, २०७४
८, विपद् व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७४
९, बैठक सञ्चालन कार्यविधि २०७४
९. उपभोक्ता समिति ~~सम्बन्धी~~ कार्यविधि २०७४
१० बैठक भत्ता

~~निर्णय नं~~ २- प्रस्ताव नं. ६ माथि व्यापक छलफल गर्दा फाकला चौर सामुदायिक स्वास्थ्य इकाई सञ्चालनको लागि १ जना अहेव करार बाट व्यवस्था गर्ने र १ जनाले १ कार्य करार मा भर्ना गरी सेवा शुरु गर्ने निर्णय गरियो। र दामीकोट स्वास्थ्य चौकिका अ.हे.व. श्री बिन्दु राना लाई स्वास्थ्य शाखा प्रमुख र स्वास्थ्य व्यवस्थापन समिति दामीकोटको सिफारिसमा दामी गाउपालिकाले नियुक्त दिई मासिक रुपमा रु ८०००- अक्षरेपी आठ हजार भत्ता दरले तलब दिने निर्णय गरियो।

निर्णय नं. ३ प्रस्ताव नं. ७ मा छलफल गर्दा, दामी गाउपालिकाको मिति २०७४/१२/३ मा कार्यपालिका को सभा बाट पारित गरेको निर्णय, रैन बहाली रहेर र [illegible] प्रमाणित गरियो।

आज मिति २०७५ वैशाख ५ गते बुधवारका दिन यस द्वार्मा गाउँपालिका का०वा० अध्यक्ष श्री टिका शर्मा वलीको अध्यक्षतामा गाउँ कार्यपालिका बैठक प्रारम्भ गरियो ।

तपसिल

(१) श्री टिका शर्मा वली - का०वा० अध्यक्ष (उपाध्यक्ष)
(२) श्री वसुन्धरा पुन - प्रमुख प्रशासकीय अधिकृत
(३) श्री कवि कुमार चन्द - वडा अध्यक्ष वडा नं. १
(४) श्री डिल्ली बहादुर के.सी. " " - २
(५) श्री रोहिराम रोकाहा " " - ३
(६) श्री चन्द्र बहादुर रावत " " - ४
(७) श्री राम बहादुर के.सी. " " - ५
(८) श्री दुर्गा बहादुर मल्ल " " - ६
(९) श्री अमृता कामी कार्यपालिका सदस्य
(१०) श्री सन्तराम कामी " "
(११) श्री देवी खत्री
~~(१२) श्री सार्कु खत्री~~
~~(१३) श्री सान्त राम कामी~~ " "
(१२) श्री धनिराम नेपाली " "
(१३) श्री जुना मल्ल चन्द " "
श्री मञ्जु शाही " "
(१५) श्री जितबहादुर ओली खरिदार
(१६) श्री दिपक कवर लेखापाल

प्रस्ताव हरु

(१) योजना अनुगमन सम्बन्धमा ।

निर्णय नं. (१) प्रस्ताव नं. १मा छलफल गर्दा दार्मा गाउँपालिका भित्र सम्पन्न भएका योजना तथा कार्यक्रम मिति २०७५।१।६ गतेदेखि दार्मा गाउँपालिका योजना शाखाको कार्ययोजना बमोजिम वडा अध्यक्षहरु संगको सहकार्यमा योजना अनुगमन गर्ने निर्णय गरियो।